NTUC

Nepal Trade Union Congress
नेपाल ट्रेड युनियन कांग्रेस
राष्ट्रिय समिति

च.नं Ref. No.: ५७७-२०७६/७७

मिति Date: मिति :२०७६ चैत्र १४

## प्रेस बिज्ञप्ती

विश्वभर फैलिएको कोभिड – १९ (कोरोना भाइरस) को महामारीले सम्पूर्ण विश्व समुदाय आतकिंत बनेको छ | चीनको हुवई प्रान्तवाट गत डिसेम्बरवाट शुरु भएको संक्रमणले महामारीको रुप धारण गरिसकेको हामी सबैलाई विदितै छ | विश्वका विकसित मुलुकहरुले नियन्त्रण गर्न नसकिरहेको यस महामारीवाट बच्न नेपाल सरकार ,रोजगारदाता तथा उधोग व्यवसायीहरु ,श्रमिकहरु एवं निजि तथा गैर सरकारी लगायत सम्पूर्ण क्षेत्रले हातेमालो गरेर अघि वढ्नु पर्ने ठहर यस महासंघको रहेको छ|

अन्तत :ढिला भए पनि नेपाल सरकारले सम्पूर्ण मुलुक लकडाउन गरेर समस्या प्रति उच्च संवेदनशीलता प्रकट गरेको छ | सरकारको यो प्रयासमा हामी सबै श्रमिक तथा नागरिकहरुले उच्च सतर्कता र अनुशासन कायम गर्नु नै हामी सबैको हितमा हुनेछ | लकडाउनको चौथो दिन सम्म आई पुग्दा पनि महामारीको अनिश्चित अवस्थाले लकडाउनको अवधि वढाउनुको साथै प्रभावकारी अनुगमन र लकडाउनको समयमा अत्यावश्यक सेवा तथा खाधान्न लगायतका सामाग्रीहरुको सहज उपलव्धता संगै अति आवश्यकता वाहेकका केहि उधोगहरु अझै संचालनमा रहेकाले ति उधोगहरुलाई समेत लकडाउनको दायरामा ल्याउने तर्फ सरकारले ठोस कदम चाल्नु पर्ने यस महासंघको ठहर छ |

अनिश्चितकालिन लकडाउनको सम्भावनाले मुलुकले भोग्नु पर्ने आर्थिक ,सामाजिक ,संस्कृतिक संकटको कसरी सामना गर्ने त्यता तर्फ ध्यान दिन त बाँकि नै छ तर ,तत्काल देखिन थालेका समस्याहरु र त्यसको समाधान तर्फ यस महासंघ सरकार लगायत सरोकारवाला पक्षको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ|

विगतका द्वन्द ,महा भूकम्प जस्तै यस महामारीमा पनि श्रमिक तथा कामदारहरु नै अत्यधिक पिडित भएका छन् | एकातर्फ यस्तो विषम परिस्थितिमा पनि चिकित्सक ,स्वास्थ्यकर्मी ,सरसफाईकर्मी , सेना , प्रहरी लगायतका सुरक्षाकर्मी र विधुत ,पानी ,संचार जस्ता अत्यावश्यक सेवा प्रदायक कर्मचारी तथा कामदारहरु जीवनलाई जोखिममा राखेर अहोरात्र काममा खटिएका छन् | सरकारले आजको दिन सम्म पनि ज्यान हत्केलामा राखेर सेवारत रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई प्रयाप्त गुणस्तरीय PPE तथा सुरक्षा कवच उपलव्ध गराउन नसक्नु लज्जास्पद विषय बनेको छ | तसर्थ नेपाल सरकारलाई तत्काल स्वास्थ्यकर्मीको माग अनुसार सुरक्षा सामाग्री लगायतका आवश्यक व्यवस्था तर्फ उचित ध्यान पु-याउन महासंघ विशेष अनुरोध गर्दछ|

श्रमको सम्मान गरौं !
*Let's respect labour !*

श्रम शक्ति नै राष्ट्र शक्ति हो !!
*Labour Force is Nation Force !!*

# Nepal Trade Union Congress
# नेपाल ट्रेड युनियन कांग्रेस
## राष्ट्रिय समिति

NTUC

च.नं Ref. No.:

मिति Date:

लकडाउनको कारण होटल ,पर्यटन ,उधोग व्यवसाय लगायतका सम्पूर्ण आर्थिक क्रियाकलाप बन्द हुदाँ दैनिक ज्यालादारी गरेर पेट पाल्ने निर्माण ,कृषि ,यातायात , चिया वगान ,इम्ब्रोडरी ,नाई ,साना पसलकर्मी जस्ता लाखौ अनौपचारिक तथा स्वरोजगार श्रमिक भोकभोकै मर्ने सम्भावना देखिएको छ | तसर्थ संगठित क्षेत्र ,होटेल ,पर्यटन उधोग, चिया वगान, निर्माण, यातायात, कलकारखाना तथा प्रतिष्ठानमा काम गर्ने श्रमिकहरुका सम्बन्धित रोजगारदाताले र अनौपचारिक श्रमिकको हकमा नेपाल सरकारले तत्काल घर भाडा ,खाधान्न सहितका राहतको प्याकेज ल्याउन यस महासंघ जोडदार माग गर्दछ|

होटल ,पर्यटन एवं कलकारखाना तथा उधोगहरुले आफ्नो उत्पादन तथा सेवा बन्द हुँदा पर्न जाने आर्थिक जोखिमको व्यवस्थापनको लागी कर छुट ,ब्याज मिनाहा लगायतका राहतका कार्यक्रम ल्याउनका लागि पनि यस महासंघ नेपाल सरकार संग अनुरोध गर्दछ|

बैदेशिक रोजगारीमा रहेका लाखौ श्रमिकहरु यस महामारीको अत्यन्त जोखिममा रहेका छन् | ती श्रमिकहरु कहाँ ,के अवस्थमा ,कसरि रहेका छन् त्यसको अनुगमन तथा आवश्यक सहयोगको लागि राज्यले आफ्ना राजदुतावास लगायतका कुटनैतिक संस्थाहरु लाई परिचालन गरि आवश्यक सहयोगको प्रबन्ध मिलाउन समेत यो महासंघ नेपाल सरकारको ध्यानकर्षण गर्न चाहन्छ |

अन्तमा ,महासंघ आवद्ध सबै राष्ट्रिय संघ तथा आफ्ना प्रदेश ,जिल्ला तथा स्थानीय संरचनाहरु लाई उच्च् सतर्कता कायम गरि आफु मातहतका कामदार एवं श्रमिकहरुको र सर्व साधारण नागरिकहरुको सहयोगमा लागि पर्न विशेष अनुरोध गर्दछ|

जय नेपाल !

..............................

योगेन्द्र कुमार कुँवर

महासचिव

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np